# मिति २०८३/०५/२२ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु लालबहादुर योगी, लक्ष्मणकुमार राना र बज्रगुरु कन्स्ट्रक्सन कम्पनी प्रा.लि. कुपण्डोल, ललितपुर (विशेष अदालतको मुद्दा नं. ०८२-CR-००२८,फैसला मिति २०८२/१२/०३ | सार्वजनिक सम्पत्तिको हिनामिना, हानिनोक्सानी दुरुपयोग गरी भ्रष्टाचार गरेको। | **प्रतिवादी लालबहादुर योगीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु. ९५,९८,०००।– (पन्चानब्बे लाख अन्ठानब्बे हजार रुपैयाँ) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम र सोही दफा ३ को उपदफा (१) बमोजिम सजाय हुन तथा सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन साथै सोही ऐनको दफा ९ बमोजिमको कसूर समेत गरेको देखिंदा निज प्रतिवादी लाल बहादुर योगीलाई सोही दफा ९ बमोजिम सजाय समेत हुन र **प्रतिवादी बज्रगुरु कन्स्ट्रक्सन कम्पनी प्रा.लि. र सो कम्पनीका प्रबन्ध निर्देशक (एम.डि.) लक्ष्मणकुमार रानालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा उक्त दफा १७ ले निर्देश गरेबमोजिम सोही | **फैसलाः**<br>विशेष अदालतबाट मिति २०८२/१२/०३ मा प्रतिवादीहरु लालबहादुर योगी, बज्रगुरु कन्स्ट्रक्सन कम्पनी प्रा.लि (स्थायी लेखा नं. ३०००६२४९२) र उक्त प्रा.लि. का एम.डि. लक्ष्मण कुमार रानालाई आरोपदावीबाट सफाई पाउने ठहर गरी फैसला भएको देखिन्छ।<br><br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**क)** ठेक्का नं. ७/२०७६/०७७ को ठेक्का प्रकृयामा सो ठेक्का सम्झौता अनुसारको कार्य सम्पन्न नभए सम्मका लागि रु.९५,९८,००० | **विशेष अदालत काठमाडौंबाट प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला देहायको आधार र कारणबाट उक्त फैसला बदरभागी रहेको छः-**<br>**क)** बज्रगुरु कन्स्ट्रक्सन कम्पनी प्रा.लि. (स्थायी लेखा नं. ३०००६२४९२) का एम.डि. लक्ष्मण कुमार रानाले आ.व. २०७६/०७७ मा ठेक्का नं. ०७/०७६/०७७ बाट गढवा गाउँपालिका वडा नं.१ को पत्रिङ्गा घाटदेखि जेठानगाउँ घाटसम्मको क्षेत्रबाट जेठ मसान्तसम्म जम्मा परिमाण ७२,२८५ घ.मी. बराबरको नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा, ग्राभेल र रोडा) उठाउनको लागि मिति २०७६।१०।१२ गते गढवा गाउँपालिका कार्यालयसँग ठेक्का सम्झौता गरेको देखिन्छ।उक्त सम्झौता अनुसार नदिजन्य पदार्थ उत्खनन् गरेको पदार्थको जिल्ला समन्वय समिति दाङको प्रतिनिधि समेतको उपस्थितिमा गढवा गाउँपालिकाबाट मिति २०७७।०४।१३ गते नापजाँच गर्दा बज्रगुरु कन्स्ट्रक्सन कम्पनी प्रा.लि.ले १,१०,६३८ घ.मी. परिमाणको नदीजन्य पदार्थ उत्खनन् गरेको देखिदा उक्त गढवा गाउँपालिकासँग भएको सम्झौता भन्दा ३८३५३ घ.मी. बढी परिमाणमा उत्खनन् गरेको तथ्य मिशिल संलग्न स्थलगत मुचूल्का एवं प्रतिवेदनबाट देखिन्छ।उक्त बढी उत्खनन् गरेको परिमाणको नदीजन्य पदार्थको राजस्व रकम गढवा गाउँपालिकाको विभाज्यकोषमा जम्मा गर्ने सम्बन्धमा मिति २०७७।०९।०३ गतेको गढवा गाउँ कार्यपालिकाको बैठकबाट र मिति २०७८।०३।१० गतेको गाउँसभाबाट निर्णय भई सम्झौता भन्दा बढी उत्खनन् भएको परिमाणको राजस्व रकम गढवा गाउँपालिकाको राजस्व विभाज्यकोष खाता नं.५१CA१४९८८२४५२४०१ मा जम्मा गरी सोको सक्कल भौचर दाखिला गर्न गढवा गाउँपालिका कार्यालयको च.नं. १७७६ मिति २०७७।०९।०५ गते, च.नं.५५३६, मिति २०७८।०३।२० गते र च.नं.५६१८, मिति २०७८।०३।२९ गते समेत पटक-पटक प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी लाल बहादुर योगीले आफै हस्ताक्षर गरी पत्राचार गरेको देखिन्छ।यसरी संझौतामा उल्लेख गरिए भन्दा बढी परिमाणको नदिजन्य पदार्थ गर्नु नै प्रतिवादीको बदनियतपुर्ण कार्य रहेको उत्खनन् गरेको परिमाणको राजश्व रकम बज्रगुरु कन्स्ट्रक्सन कम्पनी प्रा.लि.ले पालिकामा दाखिला नगर्दै सोही ठेक्का नं.०७/०७६/०७७ कै लागि गढवा गाउँपालिका कार्यालयको नाममा राखिएको बैक ग्यारेन्टी नं. NB:001:PB:51385/20 ग्यारेन्टी रकम रु.९५,९८,०००।– (पन्चानब्बे लाख अन्ठानब्बे हजार रुपैयाँ) बैकबाट फुकुवा नभई यथावत् नै रहिरहेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृत लाल बहादुर योगी र उक्त बज्रगुरु कन्स्ट्रक्सनका प्रोपाइटर लक्ष्मणकुमार राना समेतले एक आपसमा मिलेमतो गरि राजस्व रकम हिनामिना हानिनोक्सानी पुऱ्याउने बदनियतले गढवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लाल बहादुर योगीले उक्त कार्यालयको च.नं.१८०९, मिति २०७८।०९।०७ गतेको पत्रबाट बैक ग्यारेन्टी फुकुवाको लागि नेपाल बंगलादेश बैक, काठमाण्डौमा पत्राचार गरि फुकुवा गरि दिएको देखिदा निज प्रतिवादी लाल बहादुर योगको कार्य बदनियतपुर्ण रहेको तथ्य शिद्ध भएको स्पष्टै देखिन्छ।यसरी निज प्रतिवादी लालबहादुर योगी आफैले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही दफा ३ को उपदफा (१) बमोजिम सजायं हुने कसूरजन्य कार्य गर्ने मुख्य कसूरदार प्रतिवादी लाल बहादुर योगीको मतियार भई कार्य गरेको देखिंदा प्रतिवादी बज्रगुरु कन्स्ट्रक्सन कम्पनी प्रा.लि (स्थायी लेखा (PAN) नं. ३०००६२४९२) र उक्त प्रा.लि. का एम.डि. लक्ष्मण कुमार रानालाई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसूरमा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मूल कसुरदारलाई हुने सजाय सरह सजाय हुन मागदावी लिइएको। | ।— को कार्य सम्पादन जमानत राखि उक्त बैंक ग्यारेन्टीको म्याद मिति २०७७।०३।२ २ सम्म रहेकोमा उक्त सम्झौता अनुसारको नदीजन्य पदार्थको संकलन कार्य सम्पन्न समेत भई रकम भुक्तानी समेत भैसकेको देखिएको।<br>ख) सम्झौता भन्दा बढी परिमाण ३८,३५३ घनमिटर को राजश्व दाखिला गर्न उक्त कम्पनीलाई पत्राचार भएको तर राजश्व वापतको रकम दाखिला नभएकोले सो राजश्व बापतको रकम रु.१,०३,१९,८३ ३।४७ भराई पाउँन गाउँपालिकाका तर्फबाट दाङ जिल्ला अदालतमा | उक्त बढी संकलन गरेको नदीजन्य पदार्थको राजश्व रकम दाखिला गर्न पटक पटक पत्राचार गरेको देखिदा सो रकम निजले दाखिला नगरेमा निज ठेकेदार कम्पनिले कार्यालयमा राखेको ग्यारेन्टी नं. NB:001:PB:51385/20 ग्यारेन्टी रकम रु.९५,९८,०००।– (पन्चानब्बे लाख अन्ठानब्बे हजार रुपैयाँ)बाट तत्कालै कानून बमोजिम असुल उपर गर्नु पर्नेमा नि आफ्नो कर्तब्य प्रति बिचलन भई जानि जानि ठेकेदार कम्पनीलाई फाइदा हुने गरि ग्यारेन्टी रकम फुकुवाको लागी पत्राचार गरेको देखिदा निज प्रतिवादीहरु बदनियत थप पुष्टि भई निजहरुको कार्यबाट गढवा गाउँपालिकालाई रु.९५,९८,०००।– (पन्चानब्बे लाख अन्ठानब्बे हजार रुपैयाँ) रकम हिनामिना हानिनोक्सानी गरी गराई भ्रष्टाचारजन्य कार्य गरेको तथ्य पुष्टि भएको देखिदा देखिंदै सो तथ्य एवं प्रमाणहरुलाई वेवास्ता गरि प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरी भएको फैसला त्रुटीपूर्ण देखिदा बदरभागी छ।<br>ख) निज प्रतिवादी बज्रगुरु कन्स्ट्रक्सनका प्रोपाइटर लक्ष्मणकुमार रानाले गढवा गाउँपालिकसँग गरिएको सम्झौता भन्दा बढी परिमाण ३८,३५३ घनमिटरको नदिजन्य पदार्थ बदनियतपुर्ण तवरले संकलन गरि रु.१,०३,१९,८३३।४७ राजश्वमा नोक्सानी पुर्याएको देखिन्छ भने सो राजस्व रकम दाखिला गराउन गाँउपालिकावाट यि प्रतिवादी लाल बहादुर गिरीले पत्राचार गरेको देखिएतापनि प्रतिवादी लक्ष्मणकुमार रानासँग मिलेमतो गरि उक्त रु.१,०३,१९,८३३।४७ दाखिला नहुँदै आफ्ने पालिकाको जिम्मामा रहेको बैंक ग्यारेन्टी रकम फुकुवाको लागी पत्राचार गरि फुकुवा समेत भई रहेको देखिदा यि प्रतिवादीहरुले गाँउपालिकाको राजस्व रकम नोक्सानी पुर्याउने पुर्वनियत स्पष्टै देखिन्छ। निज लाल बाहदुर गिरी प्रमुख प्रशासकिय अधिकृत रहेको गढवा गाउँपालिकाका तर्फबाट दाङ जिल्ला अदालतमा मुद्दा दायर भई मिति २०८२।०२।२६ मा भएको फैसलाबाट गढवा गाउँपालिकाले भरी पाउने ठहर भई फैसला भएतापनी तत।कालै असुल हुन सक्ने राजस्व असुल नगरि अदालती प्रक्रियाको घुमाउरो वाटोमा प्रवेश गरि प्रतिवादी बज्रगुरु कन्स्ट्रक्सनका प्रोपाइटर लक्ष्मणकुमार रानालाई फाईदा पुर्याउने र आफुहरुले समेत भ्रष्टाचारजन्य कार्यबाट उन्मुक्ति लिने अभिप्रायले उल्लिखित राजश्व रकम असुलीको लागि मिति २०८०/०५/३१ गते मात्र दाङ जिल्ला अदालतमा मुद्दा दायर गरेको अवस्था देखिंदा देखिंदै उक्त प्रमाणहरुको विवेचना नगरि यी प्रतिवादीहरुलाई सफाई हुने ठहर गरी भएको फैसला त्रुटीपुर्ण देखिन्छ।<br>ग) भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसूर मानिने कुनै कार्य अन्य कानून बमोजिम समेत कसूर मानिने रहेछ भने दुवै कानून बमोजिम अलग-अलग मुद्दा चलाउन सकिने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को खण्ड (क) ले कानूनी व्यवस्था गरेको देखिन्छ।सरकारी ओहदा, सरकारी सम्पत्ति, तथा सार्वजनिक सेवाको दुरुपयोग गरी व्यक्तिगत लाभमा प्रयोग हुनबाट रोक्ने उद्देश्यले यस ऐनको तर्जुमा भएको देखिन्छ। भ्रष्टाचारको विषय अन्य कसूरको विषयसँग दोहोरिन सक्ने (Overlapping) अवस्था रहेकोले अन्य कानून अन्तर्गत कारवाही भइसकेको भन्ने आधारमा मात्र भ्रष्टाचारजन्य कसूरको उपचार शुन्य नहोस् भन्ने उद्देश्यले उक्त खण्ड (क) को प्रावधान विधायिकाले तर्जुमा गरेको देखिन्छ। भ्रष्टाचार निवारण ऐन अन्तर्गतको विधायिकी उद्देश्य प्रासिमा कार्यविधिगत अवरोध नहोस अर्थात दोहोरो खतराको सिद्धान्त बाधक नबनोस भन्ने यस प्रावधानको आधारभूत उद्देश्य रहेको देखिन्छ।यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट "एउटै तथ्यबाट एक भन्दा बढी कसूर हुन सक्दछन् ।यसरी समग्र तथ्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मुद्दा दायर भई मिति २०८२।०२।२६ मा ठहर फैसला भएको देखिएको।<br>ग) अदालतवाट गाउँपालिकाले भरी पाउने ठहरभई सकेको स्थितिमा उक्त बढी परिमाण वापतको रकम सोही मुद्दाको रोहबाट भरी भराउ हुने नै हुँदा बैंक जमानत फुकुवा गर्ने कार्यबाट उक्त जमानत रकम हानिनोक्सानी भएको मान्न मिल्ने देखिएन। | तथा सम्बद्ध कानूनी व्यवस्था एवम् त्यसले प्रदान गर्ने उपचारको व्यवस्था समेतका आधारमा फरक फरक अवस्थालाई प्रतिनिधित्व गरेबाट भ्रष्टाचार मुद्दा र ठगी मुद्दालाई एउटै विषय मान्न नमिल्ने ।कसैले कानुनद्वारा निषेधित आपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलग–अलग कानूनले अलग–अलग अपराध मान्दछ भने त्यसलाई एउटै कसूर मानेर एउटा मात्र कानुन अन्तर्गत कारवाही गर्नुपर्ने भनी सीमित तुल्याउन नमिल्ने ।" भनि (महेश चापागाई विरुद्ध नेपाल सरकार, ने.का.प. २०६९, अङ्क ८ निर्णय नं. ८८७४) प्रतिपादित सिद्धान्त तथा उक्त कानूनी व्यवस्था विपरित हुने गरी यसै विषयमा अन्य निकायमा मुद्दा चलि उक्त राजश्व रकम गाउँपालिकालाई भराई दिने ठहर गरी फैसला भईसकेको भन्ने आधारमा यी प्रतिवादीहरुले एक आपसमा मिलेमतो गरी सोही ठेक्का सम्झौताको कार्यान्वयन गर्ने क्रममा नै बढी उत्खनन् भएको नदिजन्य पदार्थको बुझाउनु पर्ने राजश्व रकम सोही बैंक ग्यारेन्टी रकमबाट अधिकाँस रकम असुलउपर गर्न सक्ने अवस्था रहेकोमा सो बैक ग्यारेन्टीको रकम फुकुवा गरिदिने गरी प्रतिवादीहरु एकआपसमा मिलेमतो गरी उक्त पत्रमा प्रतिवादी लालबहादुर योगीले आफै हस्ताक्षर गरी पत्राचार गरी सम्झौता भन्दा बढी उत्खनन् गरेको नदीजन्य पदार्थको राजस्व रकम गढवा गाउँपालिकाको विभाज्यकोषमा तिर्न नलागाई तथा नबुझाई आफुहरुलाई गैरकानूनी लाभ पुऱ्याउने र गढवा गाउँपालिकालाई हानिनोक्सानी पुऱ्याउने बदनियतले गढवा गाउँपालिकाको रु.९५,९८,०००।– (पन्चानब्बे लाख अन्ठानब्बे हजार रुपैयाँ) रकम हिनामिना हानिनोक्सानी गरी गराई भ्रष्टाचारजन्य कार्य गरेको तथ्य पुष्टि हुन आएकोले उल्लिखित सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादीत नजिर सिद्धान्त समेतको आधारमा यि प्रतिवादीहरु लालबहादुर योगी, बज्रगुरु कन्स्ट्रक्सन कम्पनी प्रा.लि. (स्थायी लेखा नं. ३०००६२४९२ ) र सो प्रा.लि.का एम.डि. लक्ष्मण कुमार रानालाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई हुने ठहर गरि विशेष अदालतवाट भएको उक्त फैसला त्रुटि पूर्ण देखिदा बदर भागी देखिन्छ।<br>अतः माथि विवेचित आधार प्रमाण तथा कानुनी व्यवस्था र नजिर सिद्धान्तको विपरित हुने गरी विशेष अदालत काठमाण्डौबाट लालबहादुर योगी, बज्रगुरु कन्स्ट्रक्सन कम्पनी प्रा.लि. (स्थायी लेखा नं. ३०००६२४९२ ) र सो प्रा.लि.का एम.डि. लक्ष्मण कुमार रानालाई आरोप दावीबाट सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटिपुर्ण देखिएकोले उक्त फैसला बदर गरि निज प्रतिवादीहरुलाई आरोप पत्र मागदावी बमोजिम सजाय गरि पाउन सादर अनुरोध छ। |